**मिति २०७७/०२/१८ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको ६१ औं बैठकको निर्णयहरु ।**

**१. आ.व.२०७७/०७८ को पहिलो गाउँ सभा तयारीका लागी निम्नानुसार गाउँ कार्यपालिकाको बैठक, विभिन्न समितिहरुको बैठक र सुझाव संकलन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।**

❖ **विभिन्न समितिहरुको बैठक :**

- मिति २०७७ जेष्ठ १९ गते ११ बजे : विद्येयक समिति र आर्थीक विकास समिति
- मिति २०७७ जेष्ठ २० गते ११ बजे :सामाजिक विकास समिति र वातावरण तथा विपद व्यवस्थापन समिति
- मिति २०७७ जेष्ठ २१ गते ११ बजे : सार्वजनिक सेवा तथा क्षमता विकास समिति र पूर्वाधार विकास समिति

❖ मिति २०७७ जेठ २२ देखि २८ गते सम्म : वडा भेला / छलफल / योजना तर्जुमा तथा छनौट

❖ मिति २०७७ जेठ २९ गते ११:०० बजे गाउँ कार्यपालिकाको बैठक ।

❖ २०७७ असार २ गते ११:०० बजे - आ.व. २०७७/०७८ को निति तथा कार्यक्रम र बजेट सम्बन्धी सुझाव संकलन कार्यक्रम - भुलभुले सामुदायिक भवन ।

❖ मिति २०७७ असार ४ गते ११:०० बजे - गाउँ कार्यपालिकाको बैठक ।
(निति तथा कार्यक्रम माथी छलफल र गाउँ सभामामा पेश गर्न पारीत गर्ने)

❖ **मिति २०७७ असार ५ गते ११:०० बजे - आ.व. २०७७/०७८ को पहिलो गाउँ सभा - भुलभुले सामुदायिक भवन**

❖ मिति २०७७ असार ९ गते ११:०० बजे - गाउँ कार्यपालिकाको बैठक । (आ.व. २०७७/०७८ को बजेट माथी छलफल र गाउँ सभामा पेश गर्न पारित गर्ने)

❖ **मिति २०७७ असार १० गते ११:०० बजे - गाउँ सभा, भुलभुले सामुदायिक भवन**

❖ मिति २०७७ असार १५ गते ११:०० बजे - गाउँ सभा, नियमित भुलभुले सामुदायिक भवन
**(बजेट माथीको छलफलको निम्ति थप समय आवश्यक परेमा मात्र)**

२. नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन इकाईको मिति २०७६/१२/०६ गते को पत्र संख्या ०७६/०७७ चलानी नं. ९९० अनुसार यस गाउँपालिकाको भुलभुले स्वास्थ्य चौकीलाई १५ शैया प्राथमिक अस्पतालमा स्तरोन्नती गरी सञ्चालन गर्न आवश्यक कागजातहरु पेश गर्न पत्राचार भई आएकोले यस गाउँपालिकाको भुलभुले स्वास्थ्य चौकीलाई १५ शैया प्राथमिक अस्पतालमा स्तरोन्नती गर्न आवश्यक जग्गा तयार गरी अन्य आवश्यक कागजातहरु समेत तयार पारी यथाशिघ्र सम्बन्धित मन्त्रालय, विभागमा बुझाउने निर्णय गरियो ।

३. आ.व.२०७७/०७८ को बजेट अनुसार एक पालिका एक प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने भन्ने आएकाले सोका लागि मर्स्याङ्दी -३, खुदी स्थित श्री अमर मा.वि.मा सो प्राविधिक धारको विद्यालय सञ्चालन गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. खुदी - शिउरुङ - स्यागे सडकको बोल पत्र आव्हनबाट घटाघटबाट बच्न आएको रकमबाट देहाय बमोजिमको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

- जगत तातोपानी कुण्ड, मर्स्याङ्दी -४ मा रु.५,००,०००।- ।
- ब्याडमिन्टन कोर्ट, मर्स्याङ्दी -३, खुदी रु.१,५०,०००।- ।
- नरदेवी आमा समुह भवन, मर्स्याङ्दी -३, रु.३,००,०००।- ।

५. सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) अन्तर्गतको शैक्षिक तालिम तथा गोष्ठि शिर्षकबाट गाउँपालिका स्तरिय परीक्षा सञ्चालनमा रु.१,००,०००।- रकमान्तर गर्ने ।

६. राँगो वितरण कार्यक्रमको डिपिङ ट्याङ मर्मत निर्माण कार्यक्रममा रकमान्तर गरिएको बजेट रु. ३,५०,०००।-लाई मर्स्याङ्दी -५ सन्जापुमा निर्माण गर्न रु.२,००,०००।- र मर्स्याङ्दी -२, खेम्दोमा निर्माण गर्न रु.१,५०,०००।- विनियोजन गर्ने ।

७. आ.व. २०७६/०७७ को कृषि सेवा तर्फको बजेटबाट मर्स्याङ्दी -४, नास्कुचेमा आलुको रस्टीक स्टोर निर्माण गर्ने समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

८. मिति २०७६/१२/०२ मा प्रकाशित गरेको निर्माण कार्यका लागि ठेक्का नं:- **08/MRM/healthbuilding/2076-77 (Construction of Sudha Milan Basic Health Care Centre in Marsyangdi-2, Lamjung** र ठेक्का नं:- **07/MRM/healthbuilding/2076-77 (Construction of Simalchaur Basic Health Care Centre in Marsyangdi-8, Lamjung**) को सुचना वमोजिम राष्ट्रिय पत्रिका राजधानी दैनिकमा स्थान वडा नं ८ र २ को स्वास्थ्य चौकी भवन निर्माणका लागि प्रकाशित गरिएकोमा कोरोना माहामारीका कारण वन्दावन्दी भई २ पटक सम्म वोलपत्रको दरखास्त दाखिला गर्ने म्याद थप गरिएको भएता पनि दुई वटा ठेक्का बाट एक एक वटा मात्र परी ठेक्का नं:- **08/MRM/healthbuilding/2076-77 (Construction of Sudha Milan Basic Health Care Centre in Marsyangdi-2, Lamjung** को कबोल रकम रु ४३३४४५९.८८ र ठेक्का नं:- **07/MRM/healthbuilding/2076-77 (Construction of Simalchaur Basic Health Care Centre in Marsyangdi-8, Lamjung**) को कबोल रकम रु ४३४१०७०.२७ गरिएको र सोको मुल्याङकन गर्दा सम्पुर्ण कागजात वैधानिक रहेको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(३) वमोजिम दुबै ठेक्काहरु स्वीकृत गरि निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो।

९. विविध कार्यक्रम खर्च (२२५२९) को विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी शिर्षकबाट निम्न अनुसारको सहयोग गर्ने निर्णय गरियो ।
- बाघेता यूवा क्लव रु.५०,०००।-
- युनिट यूवा क्लव, मर्स्याङ्दी -४ रु.२५,०००।-

१०. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- धन कुमारी परियार, मर्स्याङ्दी -३, रु.१०,०००।- ( मुटु रोगी)
- बसुन्धरी देवी पाण्डे, मर्स्याङ्दी -३, रु.१०,०००।- (उपचार खर्च अति विपन्न)
- रेशम बहादुर गुरुङ, मर्स्याङ्दी - ४, रु.१०,०००।- (विपन्न उपचार वापत)
- यो बहादर गुरुङ, मर्स्याङ्दी -५ रु.१०,०००।- (विपन्न खुट्टा भाँचिएको) अनुमोदन गर्ने निर्णय ।
- डिल माया रिमाल, मर्स्याङ्दी -८, रु. १५,०००।- (एकल महिलाल अति विपन्न) घर बनाउन ।

११. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको विपद व्यवस्थापन कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- भारतबाट आउने मर्स्याङ्दी गाउँपालिकाका वासीन्दाहरु जसको आर्थीक अभावका कारण यातायात खर्च समेत प्रवन्ध गर्न कठिनाई भएकाहरु र आवश्यकताका आधारमा माग भई

आएमा जनही यातायात खर्च बापत रु.५,०००।- उपलब्ध गर्ने निर्णय गरियो । साथै यस अगावै सोही बमोजिम उपलब्ध गराईएको यातायात खर्चलाई समेत अनुमोदन गर्ने निर्णय गरियो ।

- नाईचे कुलो मर्मत, मर्स्याङ्दी -६, रु. ३०,०००।-
- नुतिक सिँचाई मर्मत, मर्स्याङ्दी -२, रु.३०,०००।-
- डिल्ली जङ गुरुङ, मर्स्याङ्दी -४, रु.१०,०००।- (हावा हुरीले घर पूर्ण रुपमा क्षति भएको)

१२. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत मर्स्याङ्दी गाउँपालिकाको यस आर्थिक वर्ष २०७६/७७ का विनियोजित रकम रु २२,४०,०००।- लाई वडा समितिको बैठक, योजनाको प्राथमिकरण, EMIS मा दर्ता भएका ११६१ जनालाई सुचिकृत बेरोजगारको संख्या र प्राथमिकिरण, स्थानीय निर्देशक समितिको सिफारिस, कोरोना संकमणको वर्तमान परिस्थिती र कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि २०७६ अनुसारको लागत इस्टिमेट गरी देहाय बमोजिमको योजना सञ्चालन गर्ने निर्णयं गरियो ।

| वडा | क्र सं | आयोजनाको नाम | पारिश्रमिक | निर्माण सामग्री | औजार (३%) | सुरक्षा सामग्री (२%) | कन्टिन्जेन्सी (१%) | जम्मा लागत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | नायु देखि फ्रेजो देखि भाँचे सम्म मोटर बाटो मर्मत | ६५८०० | | २१०० | १४०० | ७०० | ७०००० |
| २ | २ | घीम्राङ मार्चा डेसी आन्तरीक गोरेटो बाटो | ८४६०० | | २७०० | १८०० | ९०० | ९०००० |
| | ३ | भाचे आन्तरीक गोरेटो बाटो | ७५२०० | | २४०० | १६०० | ८०० | ८०००० |
| | ४ | वास्कुटे जाने मोटर बाटो | ७५२०० | | २४०० | १६०० | ८०० | ८०००० |
| ३ | ५ | पल्लोटारी - लामाखेत बाट आँगे गोरेटो बाटो निर्माण | ५९२२० | | १८९० | १२६० | ६३० | ६३००० |
| | ६ | देवीथान देखि - पँधेरो फाँट गोरेटो बाटो | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| | ७ | टुनीखर्क काम्रे गोरेटो बाटो निर्माण | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| | ८ | टारीकुना - राना गोरेटो बाटो निर्माण | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| | ९ | बुद्धवजार - भक्तीथापा पार्क जाने बाटो सोइलिङ निर्माण | ८२७२० | | २६४० | १७६० | ८८० | ८८००० |
| | १० | थाकन मोटर बाटो नाली निर्माण | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| | ११ | खुदी तल्लो बजारबाट छविसे सम्म गोरेटो बाटो निर्माण | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| | १२ | सिउरुङ भित्री गोरेटो बाटो निर्माण | २७२६० | | ८७० | ५८० | २९० | २९००० |
| ४ | १३ | आठखेत सिलढुङ्गा पर्यटन पदमार्ग निर्माण | ८९३०० | | २८५० | १९०० | ९५० | ९५००० |
| | १४ | मिप्रा स्यागे पर्यटन पदमार्ग निर्माण | ८९३०० | | २८५० | १९०० | ९५० | ९५००० |
| | १५ | मिप्रा ठन्को डाडा गोरेटो बाटो निर्माण | ८९३०० | | २८५० | १९०० | ९५० | ९५००० |
| | १६ | जगत तातोपानी रातो बाटो निर्माण | ८९३०० | | २८५० | १९०० | ९५० | ९५००० |
| ५ | १७ | घेर्मू सडक नाली निर्माण (लिली) | ४७००० | | १५०० | १००० | ५०० | ५०००० |
| | १८ | गोरेटो बाटो निर्माण (खानी गाउँ) | ६११०० | | १९५० | १३०० | ६५० | ६५००० |
| | १९ | सामुदायिक भवन निर्माण (सञ्जापु) | ५६४०० | | १८०० | १२०० | ६०० | ६०००० |